# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं पौष ३० गते ०८ साल


## भाग ६

### स्थानीय स्वायत्त शासनमन्त्रालयको विज्ञप्ति

०८।६।१७

पौष १ गतेको दैनिकपत्र आबाजमा म्युनिसिपैलिटीको चुनावविषयमा संयुक्तमोर्चाको विचार छापिएको रहेछ। म्युनिसिपैलिटीको चुनाव हुन कमसे कम ११२ महीनाअगाडि जनतालाई खबर नदिई एकाएक चुनाव गराउने काम गर्नु बिलकुल अप्रजातान्त्रिक काम हो भनी लेखिएको रहेछ। यस वियषमा सरकारले पहिले नै कार्तिक महीनामा अब उपत्यकाञ्चलको तीनै सहरहरूमा म्युनिसिपैलिटीको चुनाव हुन लागेको छ; म्युनिसिपैलिटीबाट खटी आएका कर्मचारीहरूले बोटर लिष्ट तैयार गर्न लागेका छन् र सबै नागरिक र नागरिकका संस्थाहरूले रूचि देखाई शान्त तवरले चुनावमा भाग लिनुभई नगरपञ्चायतको राम्रो व्यवस्थाको लागि पूरा सहयोग प्रदान गर्नुहोला भनी रेडियोबाट प्रचार गरेको थियो र साथ-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साथै यस विषयलाई लिएर ०८।७।२६।२ को नेपाल गजेटमा र सबैजसो स्थानीय पत्रपत्रिकाहरूमा समेत यस मन्त्रालयले विज्ञप्ति जारी गरेको थियो ।

उक्त कुराको ख्याले नराखी म्युनिसिपैलिटीको चुनावविषयमा संयुक्तमोर्चाले प्रकाशित गरेको विचार बिलकुलै न्यायसंगत देखिंदैन । प्रजातान्त्रिक सिद्धान्तबमोजिम चुनावमा सबैलाई समान र प्रशस्त मौका दिने उद्देश्यले डेढ महीना-अगावै यस विभागले जनतालाई सूचना दिएको थियो । सुव्यवस्थित ढंगबाट चुनावको काम सम्पन्न गर्न अझ पनि एक डेढ महीनाजति समय बाँकी नै छ । सबै दल र व्यक्तिहरूलाई आफ्नु आफ्नु विचारको प्रचार र प्रोपगण्डा गर्ने प्रशस्त समय र मौका अझ पनि छँदैछ । यसपट्टि संयुक्त मोर्चा, अरू दलहरू र जनसाधारणको ध्यान आकर्षित गरिएको छ ।

सेक्रटरी—
स्था. स्वा. शा. विभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

१२४ - B

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।